# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा,झापा
१ नं. प्रदेश नेपाल

प. सं. ०७५।०७६
च. नं. २८२

मिति : २०७५/०४/१७

श्री वडा कार्यालय सबै
मेचीनगर नगरपालिका, इँटाभट्टा

बिषय : सामाजिक सुरक्षा भत्ताको निबेदन तथा नवीकरण सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस नगरपालिकामा स्थाई रुपमा बसोबास गर्ने जेष्ठ नागरिक र लोपोन्मुख आदिवासी जनजातीको हकमा २०७५ श्रावण देखि मङ्सिर १५ गते भित्र निवेदन दर्ता गरिसक्नु पर्नेछ । निवेदन दर्ता गर्ने प्रक्रियामा तपसिल उल्लेखित बुदाहरुलाई ध्यानमा राखी निवेदन दर्ता गर्नहुन जानकारी गराइन्छ ।

तपसिल:

१. जेष्ठ नगरिकहरुले आगामी आ. व मा उमेर पुग्ने मिति उल्लेख गरि प्रत्येक आर्थिक वर्षको श्रावण देखि मङ्सिर १५ भित्र वडा कार्यालयले उपलब्ध गराएको आवश्यक दरखास्त फारम भरि आवेदन दिनु पर्नेछ ।

२. लोपोन्मुख आदिवासी जनजातिले प्रत्येक आर्थिक वर्षको श्रावण देखि मङ्सिर १५ भित्र वडा कार्यालयले उपलब्ध गराएको आवश्यक दरखास्त फारम भरि आवेदन दिनु पर्नेछ ।

३. अन्य लाभग्राहीले आफ्नो प्रमाण सहित जहिले सुकै ।

दरखास्तका साथ निम्नानुसारका कागजातहरु अनिवार्य संलग्न गर्नु पर्ने छ ।

क. सबै लाभग्राही को हकमा २ प्रति पासपोर्ट साइजको फोटो

ख. बालबालिका बाहेकको सबै लाभग्राहीको हकमा नेपाली नागरिकताको प्रमाण पत्र को प्रतिलिपि

ग. बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रमाण पत्रको प्रलितिपी

घ. एकल महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ङ. विधुवाको हकमा पतिको मित्र्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि

च. अपांगताको हकमा महिला तथा बालबालिका कार्यालयवाट जारि भएको अपांगता परिचय पत्रको प्रतिलिपि ।

***नवीकरण: हाल भत्ता प्राप्त गरिरहेका सबै प्रकारका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा उल्लेखित समयावधि (२०७५/०४ देखि २०७५/०८/१५) भित्र सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्ने ।***

नोट :- नविकरण गराउँदा खाता नम्बर अनिवार्य टिपोट गर्ने ।

पदम बहादुर कार्की
नि. प्रमुख प्रशासकीय अधिकृत

नि प्रमुख प्रशासकीय अधिकृत

फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,

**Web Site : www.mechinagarmun.gov.np, email :ito.mechinagarmun@gmail.com**